मिति : २०८२/०९/१४, कापा बैठक संख्या: ११-०८२/८३

निर्णय प्रमाणित

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं. ११

आज मिति २०८२ साल पौष १४ गते सोमबार (ने.सं. ११४६, पोहेलाथ्व, नवमी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक १०:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिको सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १७ | | श्री नगेन्द्र मल्ल | स. कम्प्युटर अधिकृत |
| १८ | | श्री धनपति ज्ञवाली | सचिवालय |

मिति : २०८२/०९/१४, का.पा बैठक संख्याः ११-२०८२/८३

<u>प्रस्तावहरु</u>

११.१ विधेयकको सैद्धान्तिक स्वीकृती सम्बन्धमा,

११.२ आर्थिक ऐन, २०८२ को पहिलो संशोधन सम्बन्धमा,

११.३ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनका लागि प्रक्रिया अगाडी बढाउने सम्बन्धमा,

११.४ विविध ।

<u>निर्णयहरू</u>

**११.१. विधेयकको सैद्धान्तिक स्वीकृती सम्बन्धमा,**

कञ्चन गाउँपालिका र सिर्जनशील संस्था नेपालको समन्वयमा सरोकारवाला पक्षहरूबीचको अन्तर्क्रिया तथा छलफल पश्चात तयार पारिएको कञ्चन गाउँपालिकाको पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सन्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ लाई गाउँसभाको १९औं अधिवेशनको पहिलो बैठकमा पेश गर्नका लागि सामाजिक विकास समिति संयोजक श्री चित्रलाल तुलाचनलाई अनुमति दिने ।

**११.२ आर्थिक ऐन, २०८२ को पहिलो संशोधन सम्बन्धमा,**

ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को (पहिलो संशोधन) समेतका आधारमा मापदण्ड दफा ४ को उपदफा १ (घ) मा गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन् , संकलनको अनुमति र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने भन्ने व्यवस्था रहेको र कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ मा माटो उत्खनन् दस्तुर शीर्षकमा यस कञ्चन गाउँपालिकाक्षेत्रबाट माटो, बालुवा मिस्कट गिट्टी निकासी एवं ढुवानी गर्ने गाडीबाट सवारी कर बाटो मर्मत शुल्क वापत प्रति घन फिट शुल्क प्रदेश कानूनले तोकेको दररेट वा रू ३ प्रति घन फुट मध्ये जुन बढी हुन्छ त्यही रकम र नियमानुसारको भ्याट रकम भन्ने शब्दावली रहेकोमा उक्त ऐनमा छुट हुन गएको शीर्षकहरूलाई देहाय बमोजिम कायम गर्ने भनि राजस्व परामर्श समितिको मिति २०८२/०९/१३ गतेको बैठकको निर्णयबाट स्वीकृती भई कार्यपालिका समक्ष पेश भई आएकोमा देहाय बमोजिम आर्थिक ऐन, २०८२ को पहिलो संशोधनलाई सैद्धान्तिक स्वीकृती प्रदान गरी सभासमक्ष पेश गर्ने व्यवस्था मिलाउने ।

<u>देहाय</u>

क. ३ महले फाराम

कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को पहिलो संशोधन विधेयक, २०८२ को

तीन महले विवरण

| सि.नं. | दफा | उपदफा | अनुसूचि | दफाको वर्तमान अवस्था | विधेयक संशोधन प्रस्ताव | कारण तथा सुझाब |
|---|---|---|---|---|---|---|
| १ | १ | १ | | <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) | "कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को पहिलो संशोधन, २०८२" रहेको छ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | यस ऐनको नाम "कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ | | |
| | १ | २ | | यो ऐन २०८२ साल श्रावण १ गतेदेखि कञ्चन गाउँपालिका क्षेत्रमा लागू हुनेछ। | यो ऐन गाउँसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ । | |
| २. | ११ | | ८ | माटो उत्खनन दस्तुर : यस कञ्चन गाउँपालिका क्षेत्रबाट माटो बालुवा मिस्कट गिट्टी निकासी एवं ढुवानी गर्ने गाडीबाट सवारी कर बाटो मर्मत शुल्क वापत प्रति घनफिट शुल्क प्रदेश कानुनले तोकेको दररेट वा रु.३ प्रति घन फुट मध्ये जुन बढि हुन्छ त्यही रकम र नियमानुसारको भ्याट रकम | माटो उत्खनन दस्तुर : यस कञ्चन गाउँपालिका क्षेत्रबाट माटो बालुवा मिस्कट गिट्टी निकासी एवं ढुवानी गर्ने गाडीबाट सवारी कर बाटो मर्मत शुल्क वापत प्रति घनफिट शुल्क प्रदेश कानुनले तोकेको दररेट वा रु.३ प्रति घन फुट मध्ये जुन बढि हुन्छ त्यही रकम र नियमानुसारको भ्याट रकम पछि भन्ने वाक्यांश हटाई देहाय बमोजिम थप गरिएको (तालिका तल) | |

| क्र.सं. | प्राकृतिक स्रोतको संकलन तथा बिक्री शुल्क | भ्याट बाहेक रू. | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी बालुवा, मिस्कट, खरिढुङ्गा स्लेट प्रति घनफिट | १७ | उल्लेखित दरभन्दा लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत दररेट बढी भएमा स्वतः सोही दर कायम हुनेछ । |
| २ | भस्कट प्रतिघन फिट | ६ | |
| ३ | दहत्तर बहत्तर प्रतिकेजी | ४ | |
| ४ | माटो निकासी प्रति घनफिट | ३ | |

ख. विधेयकको ढाँचा

<u>कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को पहिलो संशोधन २०८२</u>

<u>प्रस्तवनाः</u> कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को पहिलो संशोधन, २०८२ संशोधन गर्न वाञ्छनिय भएकाले यो गाउँ सभाबाट संशोधन गरिएको ।

<u>१.संक्षिप्त नाम र प्रारम्भः</u> १. कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ को पहिलो संशोधन, २०८२ रहनेछ ।

निर्णय प्रमाणित

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा. पा. अध्यक्ष

मिति : २०८२/०९/१४, का.पा बैठक संख्या: ११-२०८२/८३

२. यो ऐन गाउँसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

२. दफा ११ को अनुसूचि ८ को माटो उत्खनन दस्तुर शीर्षकमा रहेको वाक्यांश हटाई देहाय बमोजिम थप गर्ने:

देहाय

| क्र.सं. | प्राकृतिक स्रोतको संकलन तथा बिक्री शुल्क | भ्याट बाहेक रू. | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी बालुवा, मिस्कट, खरिढुङ्गा स्लेट प्रति घनफिट | १७ | उल्खेखित दरभन्दा लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत दररेट बढी भएमा स्वतः सोही दर कायम हुनेछ । |
| २ | भस्कट प्रतिघन फिट | ६ | |
| ३ | दहत्तर बहत्तर प्रतिकेजी | ४ | |
| ४ | माटो निकासी प्रति घनफिट | ३ | |

## ११.३ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनका लागि प्रक्रिया अगाडी बढाउने सम्बन्धमा,

यस कञ्चन गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा यस गाउँपालिकाको जग्गाहरूको नापजाँच र केही कित्ताहरू डिजिटाइजेशन लगायतका कार्यहरू सम्पन्न भई मिति २०८२/०३/२२ गते कञ्चन गाउँपालिका वडा नं. ५ का ४५१ जग्गाधनीहरूलाई लालपूर्जा वितरण गरी मालपोत कार्यालय बुटवलबाट समेत उक्त जग्गाधनी प्रमाण पुर्जा अद्यावधिक भई आएकोमा

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/०६/२३ गते भूमि समस्या समाधान आयोग खारेज हुने गरी निर्णय भएकोमा, भूमि समस्या समाधान आयोग ताहाचल काठमाडौंको च.नं. २१६ मिति २०८२/०९/०९ गतेको निर्णय अनुसार आयोगका सबै जिल्ला समितिहरूलाई भूमि समस्या समाधान आयोग गठन आदेश २०८१ तथा प्रचलित नियमानुसार कामकारबाही सूचारू गर्न निर्देशन दिने भनि पत्राचार भइ आएकाले

तत् सम्बन्धमा भूमि सम्बन्धी समस्या समाधानार्थ स्थानीय तहको क्षेत्राधिकार र दायित्व, यस सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनमा औंल्याइएको बेरूजु, स्थानीय तहले आफैं अग्रसर भई काम थालनी गर्दा पर्न सक्ने सम्भावित कानूनी समस्या, चुनौती, जटिलता एवं त्यसले पार्न सक्ने प्रभावहरूको बारेमा जानकारी गराउँदै प्रचलित कानून बमोजिम हुने गरी लागत अनुमान र TOR विज्ञहरूबाट तयार गर्न लगाई भूमि सम्वन्धी समस्या सामाधान आयोगको स्वीकृती लिएर मात्रै कार्यहरू अगाडी बढाउनु पर्ने धारणा बैठकमा प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोखेलबाट प्रस्तुत भएको,

उपरोक्त तथ्यहरूको बारेमा बैठकमा गम्भिर रूपमा छलपल भई कञ्चन गाउँपालिकाको सर्वाधिक महत्त्वको विषय नै भूमि सम्बन्धी समस्या रहेको, कञ्चन गाउँपालिकाका करिब ८०% स्थानीयबासीहरू यसबाट प्रभावित भएको र माथि उल्लेख भए बमोजिम कञ्चन गाउँपालिका वडा नं. ५ का जग्गाधनीहरूले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिसकेको अवस्था रहेको र भूमि सम्वन्धी समस्या सामाधान आयोगमा प्रयाप्त दक्ष जनशक्ति तथा प्राविधिक क्षमताको अभाव, केन्द्रीयस्तरमा हुने राजनीतिक अस्थिरताबाट पर्न सक्ने प्रभावको आँकलन गर्दै विभिन्न समयमा भएका सर्वदलीय, सर्वपक्षीय बैठकका

निर्णयहरू समेतका आधारमा गाउँपालिकाले आफ्नै स्रोतबाट खर्च बेहोर्ने गरी भूमि सम्वन्धी सामाधान आयोग जिल्ला कार्यालयबाट अनुमति लिई गाउँपालिकाक्षेत्र भित्रका सम्पूर्ण जग्गाको नक्सा निर्माणको कित्ता डिजिटाइजेशन परामर्श सेवा विधिबाट कार्य गर्न सकिने हो, होइन ? सो सम्बन्धमा भूमि समस्या समाधान आयोग जिल्ला समिति रूपन्देहीलाई पत्राचार गरी कार्य सञ्चालनका लागि सैद्धान्तिक स्वीकृतीको पत्रसँगै लागत अनुमान र कार्य क्षेत्रगत शर्त प्राप्त भएपश्चात मात्र बाँकी कार्य आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेटको पृष्ठ नं. ७३ क्र.सं. ३८ शीर्षक (अव्यवस्थित बसोबासी तथा सुकुम्बासीहरूको जग्गा व्यवस्थापन, डिजिटाइजेशन तथा फिल्ड बुक तयारी लगायतका कामहरू परामर्श सेवा खरीद विधिबाट गर्ने गरी) मा विनियोजित रकमबाट बढीमा रू. २० लाखबाट सम्पूर्ण डिजिटाइजेशन सम्बन्धी कार्यहरू सम्पन्न हुने गरी प्रक्रिया अगाडी बढाउनका लागि निर्देशन दिने ।

११.४ विविध

११.४.१ आर्थिक सहायता सम्बन्धमा,

कञ्चन गाउँपालिका वडा नं. ५ कार्यालयको च.नं. ११०१ मिति २०८२/०९/०९ गतेको पत्रानुसार थारू समुदायको महत्वपूर्ण पर्व माघी महोत्सव विगत वर्षहरूमा जस्तै यस वर्ष पनि विविध कार्यक्रम सहित मनाउनका लागि थारू कल्याणकारिणी सभा कञ्चन गाउँ समिति रूपन्देहीलाई आर्थिक सहायता उपलब्ध गराइदिनका लागि सिफारिस प्राप्त भएको तथा उक्त कल्याणकारिणी सभाले प्रस्तावना समेत पेश गरेकोमा रू.१ लाख (अक्षरूपी एक लाख रुपैया मात्र/-) वार्षिक स्वीकृत बजेटको पृष्ठ नं. ८७ क्र.सं. १४२ मा) खर्च शीर्षक (२५३१४) धार्मिक तथा सास्कृति संस्था सहायताबाट रकम बेहोर्ने गरी उक्त प्रस्तावना स्वीकृत गर्ने ।

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट एघारौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।

नवराज ढकाल
गा. पा. अध्यक्ष